गैर आवासिय नेपाली संघ ,अन्तर्राष्ट्रिय समन्वय परिषद भाषा तथा साहित्य उप समिति २०१७-२०१९ को प्रथम बैठकले निम्न लिखित बिषयमा छलफल र निर्णय गर्यो ।

१) विश्वभरि छरिएका नेपाली भाषा स्कुलको तथ्याङ्क संकलन गर्दै हरेक एनसीसीलाई अनुरोध गरि त्यस देशको भाषा रहन सहन अनुसारको पुस्तक तयार गर्न आब्हान गर्ने ।

दोस्रो पुस्ताको एनआरएनलाई नेपाली भाषा सरल तरिकाले सिकाउँन उनीहरुलाई नेपाली भाषाप्रति आकर्षण जगाउने सहज पुस्तक तयार गर्ने ।

बिदेशमा जन्मिएका बालबालिकालाई उपयुक्त हुने पाठ्यपुस्तक प्रकाशन गर्न एउटा उप समिति तयार गर्ने ।

यसको सम्पूर्ण ब्यबस्थापन गर्नको लागि क्यानाडा निवासी यस समितिका सदस्य सुरेन उप्रेतीज्यूलाई संयोजक तोकिएको छ ।

२) नेपाल प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा काठमाडौंमा अन्तर्राष्ट्रिय नेपाली भाषा सम्मेलनको आयोजना गर्ने । यसमा सकेसम्म सबै क्षेत्रका साहित्यकार साहित्य अनुरागीहरुको बृहद भेला गराउने ।

३) पुरस्कार एवं सम्मानको बिषयमा छलफल गर्दा,

गैर आवासीय नेपाली संघले नेपालको लागि योगदान गर्ने ३ जना व्यक्तिलाई दिने भनेर घोषणा गरेको ३ वटा पुरस्कार मध्ये एउटा पुरस्कार भाषा तथा साहित्यको लागि छुट्टाएर भाषा तथा साहित्य उप समिति मार्फत दिनको लागि अनुरोध गर्ने ।

४) नेपाली उत्कृष्ट साहित्यलाई छनोट गरि प्रत्येक महादेशमा कम्तिमा एक कृति सम्बन्धित देशको मुख्य भाषामा अनुवाद गरि पुस्तक प्रकाशित गर्ने बिषयमा छलफल गर्दा त्यसको लागि प्रत्येक एनसीसी लाई अनुरोध गर्ने,सम्भव भए सबै एनसीसी बाट एउटा पुस्तक निकाल्ने सम्भव भएन भने एक महादेशमा एउटा सम्म पुस्तक गरी ६ वटा महादेशबाट कम्तिमा ६ वटा पुस्तक अनुवाद गरेर प्रकाशित गर्ने ।

५)लक्ष्मीप्रसाद देबकोटाको घरलाई कालान्तरमा संग्रहालयमा परिणत गर्नको लागि सम्भाव्यता अध्यन गर्ने ।

६)भानु जयन्तीलाई अन्तर्रास्ट्रिय नेपाली साहित्य  दिवसको रूपमा मनाउने ।

भवदीय

गोविन्द प्रसाद गौतम

कन्भिनर

भाषा तथा साहित्य उप-समिति [२०१७-२०१९ ]

गैर आवासिय नेपाली संघ

अन्तर्रास्ट्रिय समन्वय परिषद !